नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी प्रधान कार्यालय

(मानवश्रोत विकास विभाग, भर्ना छनौट शाखा)

नक्साल, काठमाण्डौ ।

## **प्राविधिक प्रहरी सहायक निरीक्षक (भेटेरिनरी**) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**सेवा:** नेपाल प्रहरी

**उपसमूह:** केनाईन

**समूह:** प्राविधिक प्रहरी

**श्रेणी:** राजपत्र अनङ्कित द्वितीय

**परीक्षा योजना (Examination Scheme)**

| क्र.सं. | परीक्षा चरण | विवरण | पूर्णाङ्क |
|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण | - |
| २. | द्वितीय चरण | लिखित परीक्षा | २०० |
| ३. | तृतीय चरण | विशेष स्वास्थ्य परीक्षण | - |
| ४. | चतुर्थ चरण | अन्तरवार्ता | ३० |

**प्रथम चरण:**- प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण

- प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची-६ र ८ बमोजिम हुने ।

**द्वितीय चरण:**- लिखित परीक्षा योजना (Written Examination Scheme)

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | Professional and Service Specific Test (PSST) | १०० | ४० | वस्तुगत बहुवैकल्पिक प्रश्न (Multiple Choice) | ५० प्रश्न×२ अंक = १०० | ४५ मिनेट |
| द्वितीय | | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>८ प्रश्न×५ अंक = ४०<br>लामो उत्तर<br>६ प्रश्न ×१० अंक = ६० | २ घण्टा ३० मिनेट |

**तृतीय चरण:**- विशेष स्वास्थ्य परीक्षण

- प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची-९ बमोजिम हुने ।

**चतुर्थ चरण:-** अन्तरवार्ता (Interview)

| **विषय** | **पूर्णाङ्क** | **परीक्षा प्रणाली** |
|---|---|---|
| अन्तरवार्ता | ३० | मौखिक |

१. यो पाठ्यक्रमको योजना अनुसार दुई पत्रको लिखित परीक्षा हुनेछ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. पाठ्यक्रमको प्रथम र द्वितीय पत्रको विषयवस्तु एउटै हुनेछ ।

४. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

५. प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रमका इकाइहरुको प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रथम पत्रका इकाइ | | १ | २ | ३ | ४ | ५ |
| प्रथम पत्रका प्रश्न संख्या | | ५ | १० | २० | १० | ५ |
| द्वितीय पत्रका खण्ड | | **खण्ड-क (A)** | | **खण्ड-ख (B)** | | **खण्ड-ग (C)** |
| द्वितीय पत्रका इकाइ | | १ | २ | ३ | ४ | ५ |
| द्वितीय पत्रका प्रश्न संख्या | छोटो | २ | २ | २ | - | २ |
| | लामो | १ | १ | २ | २ | - |

६. यस पाठ्यक्रममा जे सुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन निययमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई ) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्छ ।

७. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अंक दिईने छ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २०% अंक कट्टा गरिने छ । तर उत्तर नदिएमा त्यस बापत अंक दिईने छैन र अंक कट्टा पनि गरिने छैन ।

८. द्वितीय पत्रको विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ ।

९. द्वितीय पत्रको पाठ्यक्रमलाई ३ वटा खण्डमा विभाजन गरिएको छ । ३ वटा खण्डको लागि ३ वटै उत्तरपुस्तिका दिईनेछ र परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१०. यस भन्दा अगाडि लागू भएको माथि उल्लेखित समूहको पाठ्यक्रम खारेज गरिएको छ ।

**पाठ्यक्रम लागू मिति:-** २०७९/१०/१९ गते ।

# लिखित परीक्षा (Written Examination)

## प्रथम र द्वितीय पत्र :- Professional and Service Specific Test (PSST)

## खण्ड "क" (Section-A)

**१. पशुपंक्षी सम्बन्धी व्यवस्था**

१.१ नेपालको संविधानमा पशुपंन्छी तथा खाद्य सम्बन्धी व्यवस्था
१.२ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा नियमावली, २०५६
१.३ दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१
१.४ पशुपंक्षी अनुसन्धानको संरचना तथा भुमिका
१.५ नेपालमा पशुपंक्षीको संक्षिप्त ईतिहास तथा वर्तमान अवस्था
१.६ चालु आवधिक योजनामा पशुपंक्षीको उद्देश्य, नीति तथा पशुपंक्षी क्षेत्रगत विकास कार्यक्रमको प्राथमिकता, लक्ष्य एवं कार्यान्वयन रणनीति
१.७ नेपालको अर्थतन्त्रमा पशुपंक्षीको महत्व
१.८ पशुपंक्षी विकास कार्यक्रम तर्जुमा र कार्यक्रम तर्जुमा आधारहरु
१.९ पशुपंक्षी विकास कार्यक्रममा ऋण, बीमा, उत्पादन सामाग्री, औजार तथा उपकरण, बजार तथा मूल्य अवस्था
१.१० पशुपंक्षीको दिगो एवं व्यावसायिक उत्पादन
१.११ पशु सेवा प्रसारको महत्व, सीमितता र प्रभावकारीता
१.१२ पशुपंक्षी प्रसारका विभिन्न तरिकाहरु र तिनको तुलनात्मक फाईदा र सीमितता
१.१३ पशुपंक्षी विकासमा समुह पद्धती प्रकृया र कार्यान्वयन तथा अगुवा कृषक छनौटको आधार, भूमिका र परिचालन
१.१४ नेपालको पशुपंक्षी विकास कार्यक्रमका प्रमुख समस्याहरु
१.१५ प्रजनन् सम्बन्धी नीतिगत व्यवस्था

**२. लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट**

२.१ गाई भौँसीका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
  २.१.१ उन्नत जातः जर्सी, होलिस्टिन फ्रिजियन, ब्राउन स्वीस, हरियाना
  २.१.२ स्थानीय जातः अच्छामी, लुलु, खैला र चौरी
  २.१.३ उन्नत जातः मुर्रा, निली रभि भैंसी
  २.१.४ स्थानीय जातः लिमे, पारकोटे र गड्डी
२.२ उन्नत तथा स्थानीय बाख्राका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
  २.२.१ जमुनापारी, वोयर, बारबारी, सानन, च्याङ्ग्रा, सिन्हाल, खरी (पहाडी), तराई बाख्रा
२.३ उन्नत तथा स्थानीय भेडाका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
  २.३.१ उन्नत नश्लः रामबुलेट, पोलवर्थ, बोर्डरलाईचेष्टर, रोमनीमार्स, मेरिनो
  २.३.२ स्थानीय नश्लः भ्याङ्गलुङ्ग, बरुवाल,कागे, लामपुच्छ्रे
२.४ उन्नत तथा स्थानीय सुंगुरका जातहरु, तिनीहरुको शारिरिक तथा उत्पादन विशेषताहरु
  २.४.१ उन्नत जातः ल्याण्डरेस, योर्कसायर, ह्याम्पसायर, ड्युरक
  २.४.२ स्थानीय जातः च्वाँचे र हुर्राका शारीरिक तथा उत्पादन विशेषताहरु
२.५ पशुपंक्षी प्रजननका लागि छनौट तथा प्रजनन् विधि
२.६ भाले खोजेको पोथीको लक्षण तथा प्रजनन् गराउने उपयुक्त समय

२.७ कृत्रिम गर्भाधान विधि, पशु प्रजननको महत्व, कृत्रिम गर्भाधान कार्यमा उपयोग हुने उपकरणहरुको नाम तथा प्रयोग विधि, Estrus Cycle, प्रजननसँग सम्बन्धित गाई भैसीको शरीरबाट निस्कने हर्मोन बारे साधारण जानकारी

२.८ पौष्टिक तत्वहरुको वर्गीकरणः काबोहाईड्रेड, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन र खनिज पदार्थ

२.९ विभिन्न पशुपंक्षीको भाले, माउ तथा बच्चाको स्याहार तथा आहारको व्यवस्था

२.१० पशुपंक्षीको गोठ, खोर, केनल सफा-सुग्घर राख्ने, निसंक्रमण र जैविक सुरक्षा (Biosecurity) विधि

२.११ दुग्ध प्रशोधन गर्ने विधिहरु

## खण्ड "ख" (Section-B)

### ३. भेटेरिनरी

३.१ आन्तरिक परजीवी (Internal Parasite): नाम्ले जुका (Liverfluke), गोलो जुका (Round worm), फित्ते जुका (Tapeworm), कक्सिडियोसिस (Coccidiosis), रक्त परजीवी (Blood protozoan diseases) का कारण, प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

३.२ वाह्य परजीवी (External Parasites): किर्ना (Ticks), जुम्रा (Lice), उपिया (Fleas), तथा लुतो (Mange) का कारण, प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

३.३ प्रमुख व्याक्टेरियल रोगहरु (Bacterial Diseases): भ्यागुते रोग (Hemorrhagic Septicemia), पटके रोग (Anthrax), चरचरे रोग (Black Quarter), ईन्टेरोटोक्सेमिया (Enterotoxaemia), थुनेलो (Mastitis), क्षयरोग र जोन्स रोग (Tuberculosis and Johne's Disease), फाउल टाईफाईड (Fowl Typhoid), कुखुराको हैजा (Fowl Cholera), पुल्लोरम (Pullorum), खुर कुहिने रोग (Foot rot), ब्रुसेलोसिस (Brucellosis) तथा माइकोप्लाज्मोसिस (Mycoplasmosis ) का कारण, लक्षण, रोग निदान, उपचार तथा रोकथाम

३.४ प्रमुख भाइरल रोगहरु (Viral Diseases): गौँगोटी (Rinderpest), पि.पि.आर. (PPR), एभियन ईन्फ्लुएन्जा (Avian Influenza), एभियन लिम्फोइड ल्युकोसिस (Avian Lymphoid Leucosis), खोरेत (Foot and Mouth Disease), कुखुराको विफर (Fowl pox), स्वाईन फिभर (Swine fever), गम्बोरो (Gumboro), रानिखेत (Ranikhet), मरेक्स रोग (Marek's Disease) का कारण, लक्षण, निदान, उपचार तथा रोकथाम

३.५ निम्न प्रजनन सम्बन्धी विकृतिः कारण, लक्षण, उपचार तथा रोकथाम

- ३.५.१ साल नझर्ने (Retention of Placenta)
- ३.५.२ तुहिने (Abortion)
- ३.५.३ डिस्टोकिया (Dystocia)
- ३.५.४ बाँझोपन (Infertility)

३.६ जुनोटिक रोगहरु (Zoonotic diseases): दुधबाट सर्ने रोगहरु र मासुबाट सर्ने रोगहरु

३.७ पशुपंक्षीमा भिटामिन र खनिजको कमिबाट हुने रोगहरु

३.८ गाई भैसीका मेटाबोलिक (Metabolic) रोगहरुः Milk fever, Ketosis र Downers cow syndrome

३.९ ढुसि तथा ढुसिजन्य पदार्थबाट हुने रोगहरु

३.१० सामान्य प्रयोगशाला प्रविधि

- ३.१०.१ प्रयोगशालामा सुरक्षा सावधानी र पालन गर्नुपर्ने नियमहरु
- ३.१०.२ निर्मलिकरण (Sterilization), autoclave, सुक्ष्मदर्शक यन्त्र (microscope), centrifuge, water bath, incubator, hot air oven
- ३.१०.३ परजीवी रोग निदान प्रविधि- दिसा परिक्षण (fecal test), skin scrapping test, smear test
- ३.१०.४ Gram's stain, Giemsa stain

३.११ नमूना संकलन तथा संप्रेषण विधि (Stool, urine, blood, pus)

## ४. कुकुर सम्बन्धी

४.१ कुकुरका जातहरु तिनीहरुको शारीरिक विशेषताहरु (जर्मन शेफर्ड, ल्याब्राडोर रिट्रिभर, ककर स्पानियल, बिगल, गोल्डेन रिट्रिभर, ब्लड हाउण्ड, बेल्जियन शेफर्ड (मेलिनोइज), डच शेफर्ड)

४.२ कुकुरमा लाग्ने आन्तरिक तथा वाह्य परजीवीः किर्ना (Ticks), उपिया (Fleas), Mites/mange (सुलसुले/लुतो), चेप्टे जुका (Flukes), गोलो जुका (Round worms) तथा फित्ते जुका (Tapeworms)

४.३ कुकुरलाई लाग्ने रोगहरुको कारण, लक्षण, उपचार तथा रोकथामः रेविज (Rabies), केनाइन डिस्टेम्पर (canine distemper), केनाइन हेपाटाइटिस (infectious canine hepatitis), केनाइन पार्भोभाइरस (canine parvovirus), लेप्टोस्पाइरोसिस (Leptospirosis), अर्लिचियोसिस (Ehrlichiosis), बबेसिया (Babesiosis), एनाप्लाज्मा (Anaplasma)

४.४ कुकुरका छाला सम्बन्धी समस्याहरु, ढुसीजन्य, पोषणको कमिले लाग्ने तथा मेटाबोलिक रोगहरुको कारण, लक्षण, उपचार तथा रोकथामः रिङ्गवर्म (ringworm), Dermatophytosis (ढुसी), इक्जेमा (eczema), रिकेट्स (rickets), बेरीबेरी (Beri-Beri), स्कर्भी (Scurvy), मधुमेह (diabetes), थाइरोइड (hypo and hyperthyroidism)

## खण्ड "ग" (Section-C)

## ५. सामान्य ज्ञान तथा नेपाल प्रहरी सेवा सम्वन्धी

क. **नेपालको भूगोल सम्बन्धी सामान्य जानकारी** (भौगोलिक अवस्था, स्वरुप, किसिम र विशेषताहरु, हावापानीको किसिम र विशेषता,जल सम्पदा: स्थिति र महत्व, वन सम्पदा: अवस्था र महत्व, नेपालका प्रमुख हिमशिखरहरु, तालतलैया, झरना, भञ्ज्याङ ।

ख. **इतिहास र संस्कृति सम्बन्धी सामान्य जानकारी** (आधुनिक नेपालको इतिहास (पृथ्वीनारायण शाह देखी हालसम्म), नेपालको सांस्कृतिक, धार्मिक एवं मौलिक परम्परा, जातजाति, भाषाभाषी, कला र साहित्य सम्बन्धी सामान्य जानकारी ।

ग. **नेपालको संविधान २०७२** (भाग १, ३, ४, ५, २८ र अनुसूचीहरु)

घ. **जनसंख्या र वातावरण सम्बन्धी सामान्य जानकारी** (जनसंख्या, शहरीकरण, बसोवास (बँसाईसराई), जैविक विविधता, जलवायु परिवर्तन, वातावरण तथा प्रदुषण)

ङ. **समसामायिक घटना तथा नविनतम् विषयवस्तुहरुः** (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका राजनैतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकुद, पुरस्कार,कला, साहित्य, संगीत सम्बन्धी)

च. **नेपाल प्रहरीको पृष्ठभूमी (वि.स. २००७ साल देखि हालसम्म) र वर्तमान अवस्था**

छ. **प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१ (संशोधन सहित) का मुख्य-मुख्य व्यवस्थाहरु** (संगठनात्मक स्वरुप, सेवाको प्रकार, दर्ज्यानी चिन्ह,पद तथा श्रेणी सेवा, शर्त र सुविधा, प्रहरी आचरण, नियुक्ति र अवकाश सम्बन्धी व्यवस्था)

ज. **विविधः-** नेपाल प्रहरी र अन्य सुरक्षा निकायहरु (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग) संगको सम्बन्ध, सार्क, संयुक्त राष्ट्रसंघ र इन्टरपोल सम्बन्धी जानकारी ।

# लिखित परीक्षाको नमूना प्रश्नपत्र

**वस्तुगत बहुवैकल्पिक प्रश्न (Multiple Choice Question)**

१. नेपाल पशु स्वास्थ्य तथा पशु सेवा ऐन कहिले जारी भएको हो?

a) वि.सं. २०५३ c) वि.सं. २०५५
b) वि.सं. २०५४ d) वि.सं. २०५६

२. नेपालमा पहिलो पटक भेटेरिनरी डिस्पेन्सरी कहिले स्थापना भएको हो?

a) सन १९२९ c) सन १९४९
b) सन १९३९ d) सन १९५९

३. लाइभस्टक क्षेत्रले नेपालको GDP मा कति प्रतिशत योगदान पुर्याएको छ?

a) ९ c) १३
b) १७ d) ५

४. पशु सेवा विभागको २०७७/७८ को तथ्याङ्क अनुसार भेडाको जनसंख्या कति रहेको छ?

a) ७९३७२५ c) ८९३७२५
b) १७९३७२५ d) १८९३७२५

५. संचार प्रकृयामा कुन कुरा जरुरी छैन?

a) Source c) Receiver
b) Researcher d) Message

**छोटो प्रश्न (Short Question)**

१. नेपालमा पशुपन्छी विकासको इतिहास र वर्तमान अवस्थाको कस्तो रहेको छ?

२. जुनोटिक रोग भनेको के हो? कुनै ४ उदाहरण दिनुहोस ।

**लामो प्रश्न (Long Question)**

१. गोवर परिक्षण कुन कुन विधिबाट गर्न सकिन्छ र गोवर परिक्षणका फाइदाहरु के के हुन् । प्रयोगशालामा सुरक्षा सावधानी र पालन गर्नुपर्ने नियमहरु के के हुन् । बुँदागत रुपमा लेख्नुहोस ।

२. सन्तुलित आहार र पौष्टिक तत्व भनेको के हो? पौष्टिक तत्वको वर्गिकरण र फाइदाहरु विस्तारमा लेख्नुहोस् ।

**-समाप्त-**



नेपाल सृष्टि